लुम्बिनी प्रदेश सरकार

आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय

यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र

रुपन्देही

प.सं. २०८३/०८४

च.नं.

मितिः-२०८३।०७।०९

विषयः- त्रैमासिक प्रगति विवरण (स्वतः प्रकाशन)

सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम यस कार्यालयबाट मिति २०८३ साउन १ गते देखि असोज मसान्त सम्म ३ महिना अवधिका सूचनाहरु सोही ऐनको दफा ५ उपदफा ४ बमोजिम देहाय अनुसार प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, रुपन्देहीको स्वरुप र प्रकृतिः-

लुम्बिनी प्रदेश सरकार अन्तर्गतको आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालयको मातहतमा रहेको यातायात व्यवस्था कार्यालय , सवारी चालक अनुमतिपत्रको कार्यालय बुटवल उपमहानगरपालिका-१३, बेल्वासमा अवस्थित छ । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४, लुम्बिनी प्रदेशको सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६, यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० तथा लुम्बिनी प्रदेशको सालबसाली आर्थिक ऐन बमोजिम यस कार्यालयले सवारी चालक अनुमतिपत्र (नयाँ स.चा.अ.पत्र जारी दस्तुर, वर्ग थप दस्तुर, नवीकरण दस्तुर तथा सेवा सम्बन्धी अन्य दस्तुर) सङ्कलन गर्ने, सवारी चालक अनुमतिपत्र जारी गर्ने, नविकरण गर्ने, प्रमाणिकरण गर्ने, सवारी चालक अनुमतिपत्रको प्रतिलिपि जारी गर्ने, लिखित परीक्षा सञ्चालन गर्ने, प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने लगायतका सेवाहरु प्रदान गर्दै आएको छ ।

२. यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, रुपन्देहीको काम, कर्तव्य र अधिकार

- नयाँ आवेदन, वर्ग थप, प्रतिलिपि र नवीकरणका लागि अनलाइन मार्फत आएका निवेदनहरु कार्यालयबाट डाटा भेरिफाई गरि स्विकृत गर्ने, अस्विकृत गर्नुपर्ने भएमा कारणसहित आवेदकलाई जानकारी गराउने ।
- राष्ट्रिय परिचयपत्र प्रणालीबाट व्यक्तिको विवरण प्रमाणीकरण गर्न नसकिने आवेदकहरुको कार्यालयबाट Manually प्रमाणीकरण गर्ने ।
- लिखित तथा प्रयोगात्मक परीक्षाको सम्भावित मिति, स्थान र क्षमता प्रणालीमा खुला गर्ने

लुम्बिनी प्रदेश सरकार

आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय

यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र

रुपन्देही

प.सं. २०८३/०८४

च.नं.

- विपद, आकस्मिक प्राविधिक समस्या वा अन्य विशेष परिस्थिति परी परीक्षा सञ्चालन हुन नसक्ने अवस्थामा परीक्षाको पुनः तालिकिकरण गर्ने ।
- परीक्षाको नतिजा प्रणालीमा ४८ घण्टा भित्र प्रविष्ट गर्ने ।
- विवरण सच्याउने तथा प्रतिलिपि सम्बन्धी आवेदन आवश्यक कागजातका आधारमा जाँच तथा प्रमाणीकरण गर्ने ।
- सेवाग्राहीको गुनासो तथा प्रणाली सम्बन्धी समस्या समाधानका लागि आवश्यक सहायता गर्ने ।
- छपाई भई आएका सवारीचालक अनुमतिपत्र कार्डहरु नियम अनुसार वितरण गर्ने
- सेवाग्राहीको सहजताका लागि सहायता कक्ष स्थापना गरिएको ।
- कार्यालयबाट प्रवाह हुने सेवा (लिखित तथा ट्रायल परीक्षा) सम्बन्धी जानकारी दिने प्रयोजनका लागि कार्यालयको वेवसाइट र फेसबुक पेजमा सूचना र चेकलिष्टको विवरण अपलोड गर्ने।

३. यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, रुपन्देहीको कर्मचारी संख्या र कार्य विवरण

क्र.स.	पद	श्रेणी/तह	दरबन्दि संख्या	पदपूर्ति	रिक्त	कैफियत
१	कार्यालय प्रमुख	अ.नवौं/ दशौं	१	०	१	
२	शा.अ./ब.शा.अ	अ.सातौं/ आठौं	३	२	१	१ काज (सवारी)
३	मे.ई/ब.मे.अ	अ.सातौं/ आठौं	१	०	१	
४	ब.प्र.स./अधिकृत	अ.छैठौं/ स.पाँचौं	६	५	१	
५	क.अपरेटर/अधिकृत (कम्प्यूटर)	अ.छैठौं/ स.पाँचौं	३	३	-	१ अस्थायी दरबन्दी

लुम्बिनी प्रदेश सरकार

आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय

यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र

रुपन्देही

प.सं. २०८३/०८४

च.नं.

६	मे.सु/अधिकृत (इन्जिनियर)	अ.छैठौ/स.पाँचौ	१	१	-	हाल निलम्बन
७	लेखापाल/अधिकृत(लेखा)	अ.छैठौ/ स.पाँचौ	१	१	-	
८	स.ले.पा./लेखापाल	स. चौथो/पाँचौ	२	०	२	
९	प्र.स./ब.प्र.स.	स. चौथो/पाँचौ	५	३	२	
१०	स.क.अ./क.अ.	स. चौथो/पाँचौ	१	०	१	अस्थायी दरबन्दी
११	हलुका सवारी चालक	तहविहीन	१	०	१	अस्थायी दरबन्दी
१२	का.स.	तहविहीन	४	३	१	अस्थायी दरबन्दी

४. यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, रुपन्देहीबाट प्रदान गरिने सेवाहरुः-

- सवारीचालक अनुमतिपत्र सम्बन्धी लिखित परीक्षा संचालन
- लिखित परीक्षा पास भएका तथा वर्ग थपको लागि आवेदन पेश गरेका सेवाग्राहिहरुको प्रयोगात्म परीक्षा संचालन
- सवारी चालक अनुमतिपत्र प्रमाणीकरण कार्य
- ड्राईभिङ् स्कुलहरुको दर्ता, नविकरण गर्ने कार्य
- प्रिन्ट भई आएका कार्ड वितरण सम्बन्धी कार्य

५. यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, रुपन्देहीको विभिन्न शाखाले गर्ने सेवा प्रवाह र जिम्मेवार अधिकारी/कर्मचारी

क्र.स.	शाखा/फाट	जिम्मेवार कर्मचारी	जिम्मेवार अधिकारी
१.	प्रशासन	ब.अधिकृत – हरि अर्याल अधिकृत छैटौं – जमुना देवि शर्मा	नि.कार्यालय प्रमुख श्री राज कुमार घिमिरे

लुम्बिनी प्रदेश सरकार

आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय

यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र

रुपन्देही

प.सं. २०८३/०८४

च.नं.

२.	जिन्सी व्यवस्थापन	अधिकृत छैटौं – ओम बहादुर चिदि	नि.कार्यालय प्रमुख श्री राज कुमार घिमिरे
३.	लिखित/प्रयोगात्मक परीक्षा	ब. अधिकृत अग्निधर पोखेल (प्रयोगात्मक शाखा) ब.अधिकृत, हरि अर्याल (प्रयोगात्मक शाखा) ब.अधिकृत, सुशिल ढकाल (लिखित परीक्षा शाखा) ब.अधिकृत (कम्प्यूटर), माधव मिश्र (प्रयोगात्मक शाखा) अधिकृत (कम्प्यूटर), योगेन्द्र नाथ उपाध्याय (लिखित परीक्षा शाखा)	नि.कार्यालय प्रमुख श्री राज कुमार घिमिरे
४.	राजस्व/कर प्रशासन	बरिष्ठ अधिकृत लेखा – पदम पोखरेल	नि.कार्यालय प्रमुख श्री राज कुमार घिमिरे

६. यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, रुपन्देहीबाट प्राप्त हुने सेवाको दस्तुर र अवधिः-

साउन १ गते देखि सवारी चालक अनुमतिपत्र सम्बन्धी सम्पूर्ण कार्य अनलाईन माध्यमबाट सुचारु भएकोले बढिमा ४८ घण्टा भित्रि सेवा प्राप्त हुन्छ ।

दस्तुर देहाय बमोजिम रहेको छ :

लुम्बिनी प्रदेश सरकार

आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय

यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र

रुपन्देही

प.सं. २०८३/०८४

च.नं.

क.सं.	सवारीको किसिम/वर्ग	आवेदन दस्तुर रु.	अनुमतिपत्र र नवीकरण दस्तुर रु.	वर्ग थप दस्तुर रु.
१.	मोटरसाईकल/मोपेड/स्कुटर/ वर्ग A	५००/-	३०००/-	१०००/-
२.	मोपेड/स्कुटर वर्ग K	५००/-	३०००/-	१०००/-
३.	कार, जीप, डेलीभरी भ्यान (वर्ग B)	५००/-	४०००/-	१०००/-
४.	टयाम्पो/ अटोरिक्सा ((वर्ग C) र इरिक्सा (वर्ग C1)	५००/-	४०००/-	१०००/-
५.	पावर ट्रिलर (वर्ग D)	५००/-	४०००/-	१०००/-
६.	ट्रेक्टर (वर्ग E)	५००/-	५०००/-	१०००/-
७.	मिनिबस/मिनिट्रक (वर्ग F)	५००/-	५०००/-	१०००/-
८.	ट्रकबस/ लहरी (वर्ग G)	५००/-	६०००/-	२०००/-
९.	रोड रोलर/ डोजर (वर्ग H), डोजर (वर्ग H1), रोड रोलर (वर्ग H2 Road Roller)	५००/-	६०००/-	२०००/-
१०.	केन/दमकल/लोडर (वर्ग I), केन (वर्ग I1), दमकल (वर्ग I2 Fire Brigade), लोडर (वर्ग I3 Loader)	५००/-	६०००/-	२०००/-
११.	वर्ग J1 Excavator,वर्ग J2 Backhoe Loader, वर्ग J3 Grader, वर्ग J3 Forklift, वर्ग J3 Others	५००/-	६०००/-	२०००/-
१२.	प्रमाणीकरण	१०००/-		

७. निर्णय प्रक्रिया र अधिकार:-

- प्रचलित ऐन, नियम, लिखित निर्देशन एवं परिपत्रका आधारमा।
- सवारी चालक अनुमति पत्र अनलाइन दर्ता कर्मचारीलाई EDL प्रणालीको USER उपलब्ध गराइएको हुन्छ। दर्ता पश्चात सम्पूर्ण परीक्षा उतिर्ण भएपछि अधिकार प्राप्त अधिकारीले Approve गरिदिएपछि अनलाईन माध्यमबाट राजश्व भुक्तानी गर्न मिल्छ । राजश्व भुक्तानी पश्चात नविकरण मिति थप हुन्छ, वर्ग थप भए Category थप हुन्छ ।
- कुनै गुनासो वा निवेदन उपर कार्यालय प्रमुखबाट निर्णय हुनेछ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी:-

कुनै कर्मचारी वा अधिकृतले गरेको निर्णय उपर उजुरी सुन्ने अधिकारी कार्यालय प्रमुख।

लुम्बिनी प्रदेश सरकार

आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय

यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र

रुपन्देही

प.सं. २०८३/०८४

च.नं.

९. यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, रुपन्देहीबाट सम्पादन गरेको कामको विवरणः-

सवारी चालक अनुमतिपत्र आवेदन दर्ता (नयाँ/वर्ग थप) - २०६५४

सवारी चालक अनुमति पत्र नवीकरण - ९४४९

नयाँ सवारी चालक अनुमतिपत्र जारी - ४८३४

थप वर्ग तर्फ अनुमतिपत्र जारी – १६२६

वर्ग अनुसार पहिलो त्रैमासिकमा जारी गरिएका सवारी चालक अनुमतिपत्रहरुको विवरण

वर्ग	नयाँ	थप	जम्मा
A	२९९८	३५०	३३४८
B	२६८	११३५	१४०३
C	८	१२	२०
C1	४५	४७	९२
E	७	४	११
F	०	२६	२६
G	०	९	९
K	१५०८	४३	१५५१
जम्मा	४८३४	१६२६	६४६०

१०. सूचना अधिकारी र प्रमुखको नाम र पदः-

- नि.कार्यालय प्रमुखः श्री राज कुमार घिमिरे (शाखा अधिकृत)
- सूचना अधिकारीः श्री अग्निधर पोखेल (ब.अधिकृत)

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचिः-

- सवारी तथा यातायात व्यवस्था ऐन,२०४९
- लुम्बिनी प्रदेश सरकारका विभिन्न आर्थिक ऐनहरु
- सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४
- मालवाहक सवारीको भारवहन नियमन निर्देशिका, २०७४
- सवारी चालक अनुमति पत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७
- विद्युतीय माध्यमबाट सवारी चालक अनुमतिपत्र सम्बन्धी सेवा प्रवाह गर्ने निर्देशिका, २०८३

लुम्बिनी प्रदेश सरकार

आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय

यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र

रुपन्देही

प.सं. २०८३/०८४

च.नं.

१२. आम्दानी, खर्च, तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:-

क.स.	खर्च शिर्षक	बजेट उपशिर्षक	विनियोजित बजेट	जम्मा खर्च	खर्च प्रतिशत	कैफियत
१.	चालु	३०७०४०११३	३,३६,१८,०००	७१,६५,२०६	२१.३१	२०८३ श्रावण देखि २०८३ असोज मसान्त सम्मको खर्च
२.	पूँजीगत	३०७०४०११४	४०,००,०००	८,८१,२८५	२२.०३	
३.	कार्यक्रम खर्च	-	-	-	-	

वर्ग अनुसार पहिलो त्रैमासिकमा संकलन राजश्व विवरण (रकम रु हजारमा)

आवेदन दर्ता	परीक्षा	नयाँ पास	वर्ग थप पास	प्रतिलिपि	रिट्रायल नयाँ	रिट्रायल वर्ग थप	नवीकरण	अन्य	जम्मा
६.५	४७०८.५	१४९१७	१६५५	१७.५	१९२२	९६४.५	६५२.५	१५०	८६५८६

१३. तोकिए बमोजिमका अन्य विवरण –

१४.अघिल्लो आर्थिक वर्षमा सार्वजनिक नियकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण:-

१५ कार्यालयको वेवसाइट:-

- Website - यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, रुपन्देही
  https://tmolicense.lumbini.gov.np
- Facebook page - यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, रुपन्देही
  https://www.facebook.com/tmolicense

अग्निधर पोखेल

ब.अधिकृत (सातौं) तथा सूचना अधिकारी

यातायात व्यवस्था कार्यालय स.चा.अनुमतिपत्र, रुपन्देही